एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था)

EBL/HO/SH/129/078-79

मिति: २०७८/०८/०९

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : शेयर दाखिल खारेज बन्द (Book Close ) सम्बन्धमा**

महोदय,
यस बैंकको आर्थिक बर्ष २०७७/७८ को बार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको शेयरधनी दर्ता किताब मिति २०७८ साल मंसिर १७ गते बन्द रहने ब्यहोराको सूचना कारोवार दैनिक मा मिति २०७८/०८/०९ मा प्रकाशित भएको ब्यहोरा अवगत गराउँदछौं ।

**मिती २०७४/०५/३० को नेपाल स्टक एक्सचेञ्ज लि. को परिपत्र बमोजिम देहाएका विवरणहरु निम्नअनुसार रहेको छ ।**

**नगद लाभांस प्रतिशत (कर प्रयोजन समेत) :** ४.३२% (चार दशमलब बत्तिस प्रतिशत) रु. ३८,४२,०८,५८३ (रु.अठतिस करोड बयालिस लाख आठ हजार पाँच सय त्रियासी मात्र)

**बोनस शेयर प्रतिशत:** ६% (छ प्रतिशत) रु.५३,३६,२३,०३१ (रु.त्रिपन्न करोड छत्तिस लाख तेइस हजार एकतिस मात्र)

**शेयर दाखिल खारेज मिती (Book Close Date):** २०७८ साल मंसिर १७ गते

**हालको चुक्ता पुंजी:** रु. ८,८९,३७,१७१.७८

**वार्षिक साधारण सभाको मिति:** २०७८/०९/०१

भवदीय,

------------------
(सुरेश चापागाई)
कम्पनी सचिव

EVEREST BANK LTD. Head Office Kathmandu

**बोधार्थ:**
१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

२) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.,पुतलीसडक काठमाडौ ।

Corporate Office: EBL House, Lazimpat, P. O. BOX: 13384, Kathmandu, Nepal
Tel: 01-4443377 (hunting), Fax: +977-1-4443160, E-mail: ebl@mos.com.np, Swift: EVBLNPKA
www.everestbankltd.com

Scanned with CamScanner

# एभरेष्ट बैंक लिमिटेडको
# २७ औं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०७८ साल मार्ग ८ गते बसेको संचालक समितिको ३३५ औं बैठकको निर्णय अनुसार २७ औं वार्षिक साधारण-सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति: २०७८ साल पौष १ गते बिहिबार तदनुसार १६ डिसेम्बर २०२१**

**स्थान: एभरेष्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं**

**समय: बिहान ११:३० बजे**

(साधारण-सभा ZOOM मार्फत सहभागी हुने शेयरधनी महानुभावहरुलाई MEETING ID र PASSWORD उपलब्ध गराउने व्यवस्था गरिएको छ।)

## बैंकको २७ औं वार्षिक साधारण-सभाको छलफलको बिषय सूची

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७८ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. मिति २०७८/०७/१२ मा बसेको सञ्चालक समितिको ३३४ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभाशं प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) हालको चुक्ता पूँजीको ६% का दरले हुने रु. ५३,३६,२३,०३१/- बराबरको बोनस शेयर जारी गर्ने - विशेष प्रस्ताव,

(ख) हालको चुक्ता पूँजीको ४.३२% का दरले हुने रु. ३८,४२,०८,५८३/- बराबरको नगद लाभाशं (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने,

४. प्रबन्ध-पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने,

जारी तथा चुक्ता पूँजी बृद्धि:

बैंकले प्रस्तावित रु. ५३,३६,२३,०३१/- बराबरको बोनस शेयर वितरण पश्चात हालको जारी र चुक्ता पूँजी रु. ८,८९,३७,१७,१७८/- बाट बृद्धि भई रु. ९,४२,७३,४०,२०९/- हुने भएकोले जारी र चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने।

५. आ.व. २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।

६. विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

### शेयर दाखेल खारेज किताब बन्द रहने

साधारण-सभा प्रयोजनको लागि मिति २०७८/०८/१७ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ।

### बार्षिक साधारण-सभा सम्बन्धि अन्य जानकारी:

१) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरुको सम्मान र परिपालना गर्दै अनलाईन ZOOM मार्फत सभामा सहभागी हुने र आफ्नो मन्तव्य राख्न सक्ने व्यवस्था मिलाइएको हुँदा कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन ZOOM मार्फत उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ।

२) ZOOM मार्फत साधारण-सभामा सहभागी हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो शेयर प्रमाण-पत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DMAT Account) नम्बर, BOID Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाण-पत्र वा अन्य कुनै परिचय-पत्र) कम्पनी सचिवको कार्यालय वा ईमेल ठेगाना suresh.chapagain@ebl.com.np मा पठाउनु पर्नेछ। यी उल्लेखित कागजात प्राप्त भए पश्चात शेयरधनी महानुभावहरुलाई ZOOM मार्फत साधारण-सभामा उपस्थित हुनका लागि आवश्यक हुने MEETING ID र PASSWORD उपलब्ध गराईनेछ। साधारण-सभा सम्बन्धि अन्य कुनै जिज्ञासा भएमा शेयरधनी महानुभावहरुले कम्पनी सचिवको सम्पर्क नं. ९८५११०७७६६ मा सम्पर्क गर्न सक्नु हुनेछ।

३) साधारण-सभा शुरु हुनु भन्दा १ घण्टा आगाडीबाट ZOOM खुल्ला गरिनेछ।


एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

एभरेष्ट बैंक लिमिटेड
केन्द्रिय कार्यालय, ईबिएल हाउस
लाजिम्पाट, काठमाडौं,
फोन नं. ०१-४४४३३७७


दिगो, दरिलो र विश्वासिलो

'मिति २०७८/०८/०३ को कारोवार दैनिकमा प्रकाशित'

Scanned with CamScanner